# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको IFC प्रतिनिधि मण्डलद्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको International Finance Corporation (IFC) को Ms. Wendy Jo Werner को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले कार्तिक ८ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो ।

भेटवार्ताका अवसरमा नेपाल, भुटान र बंगलादेशका लागि Country Manager रहेकी Werner ले IFC Infrastructure Project, Financial Inclusion तथा रोजगारी सिर्जना हुने Real Sector मा लगानी गर्न इच्छुक रहेको बताउनुभयो । सो क्रममा उहांले स्थानीय मुद्रामा ऋणपत्र निष्काशनका विविध पक्षमा जिज्ञासा राख्नुका साथै नेपालका बाणिज्य बैंकमा IFC ले पूँजी लगानी गर्न सक्ने सम्भावनाका बारेमा चर्चा गर्नु भएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थिति, वित्तीय पहुंचका बारेमा जानकारी गराउनुहुंदै रोजगारी सिर्जना गर्ने ठूला Infrastructure Project तथा संचालनमा रहेका ठूला कृषि परियोजनामा लगानी गर्न IFC लाई अनुरोध गर्नुभयो । सो क्रममा उहाँले वित्तीय पहुँच अभिवृद्धिमा राष्ट्र बैंक दृढताका साथै लागिरहेको उल्लेख गर्नुहुँदै यस सम्बन्धमा IFC को सहयोग स्वागतयोग्य हुने बताउनुभयो ।

प्रतिनिधि मण्डलका साथ IFC का आवासिय प्रतिनिधि M. Rehan Rashid र Country Officer Santosh Pandey को पनि उपस्थिति रहेको थियो ।

**२०७३ कार्तिक ८, सोमबार**

**गभर्नरको कार्यालय**